Prithvi Darpan
Vol. 7, Issue 1, February 2025
Department of Nepali Education, Prithvi Narayan Campus, (TU)
Pokhara, Nepal
ISSN : 2594-3413

जय भुँडी निबन्धमा प्रयुक्त साङ्कथनिक सम्बद्धक

हिममाया पौडेल
उपप्राध्यापक
नेपाली शिक्षा विभाग, पृथ्वीनारायण क्याम्पस, पोखरा
Email: himmayapoudel10@gmail.com

Received date : 7 December 2024, Reviewed date : 6 January 2025, Accepted date : 7 February 2025

लेखसार

सम्बद्धक उपयोगका दृष्टिले जय भुँडी निबन्धको सूक्ष्म विश्लेषण गर्नु यस लेखको उद्देश्य रहेको छ । सम्बद्धक सङ्कथन वा पाठलाई सशक्त र सङ्गठित बनाउन मद्दत गर्ने भाषिक एकाइ हो । यो व्याकरणिक र कोशीय गरी दुई प्रकारको हुन्छ । यसमा व्याकरणिक सम्बद्धकका सन्दर्भन, प्रतिस्थापन, विलोपन र संयोजन तथा कोशीयका पुनरुक्ति र सन्निधान प्ररूपका आधारबाट तथ्यहरूको पुस्तकालयीय कार्यबाट खोजी गरिएको छ । जसमा संयोजन अत्यधिक, प्रतिस्थापन न्यून, विलोपन न्यूनभन्दा केही उच्च र सन्दर्भन उच्चभन्दा केही न्यून प्रयोग भएको पाइन्छ । संयोजनको अधिकताले विचारलाई अंश अंशमा अलग्याएर सुबोध्य ठहऱ्याउन मद्दत गरेको देखिन्छ । पुनरुक्तिअन्तर्गत पुनरावृत्ति उच्च रूपमा प्रयोग भएको देखिन्छ भने समावेशी समावेश्यको प्रयोग न्यून देखिन्छ । पुनरुक्तिअन्तर्गतको अङ्गी अङ्गको प्रयोग नभएको स्थितिमा अन्य सम्बद्धकहरू सामान्य रूपमा प्रयुक्त छन् । गुणात्मक अनुसन्धानमा आधारित यस अध्ययनमा प्राप्त नतिजाको विश्लेषण गरी वर्णनात्मक विधिबाट प्रस्तुत निबन्धको साङ्कथनिक स्थिति निरुपण गरिएको छ । व्याकरणिक र कोशीय सम्बद्धकहरू जे जति प्रयुक्त छन् तिनले तर्कपूर्ण विचार एवम् धारणा सम्प्रेषणमा व्यवधान सिर्जना गरेका छैनन् । ती सम्बद्धकहरू विषयको सन्दर्भपूर्ण अन्वितिमा नै आबद्ध देखिन्छन् । तिनले पूर्ववर्ती विषय एवम् सन्दर्भलाई पश्चवर्ती सन्दर्भको संयोजन गर्नमा पनि उल्लेख्य भूमिका निर्वाह गरेका छन् । तसर्थ प्रस्तुत निबन्ध सम्बद्धक प्रयोगका आधारमा साङ्कथनिक दृष्टिले सशक्त रहेको लेखको निष्कर्ष रहेको छ ।

शब्दकुन्जी : अन्विति, कोशीय, निबन्ध, व्याकरणिक, सङ्कथन विश्लेषण, सम्बद्धक

विषय परिचय

निबन्ध साहित्यको लघु आयाममा संरचित गद्य विधा हो । यसलाई अन्तर्मनमा उत्पन्न विचार, धारणा तथा बाह्य विषय वर्णनमा आधारित भाव, विचारलाई सुसङ्गठन गरिएको भाषिक कलाका रूपमा लिइन्छ (पौडेल, २०८१, पृ. २६-२७) । त्यसैले निबन्धकारिता साहित्यिक पाठ रचनाको सुन्दर कला पनि हो । निबन्धकारितामा लेखकले कि त अर्न्तहृदयबाट उद्बुद्ध सत्यलाई उद्घाटित गरिदिन्छ

Copyright 2025 © the Author (s) and the Publisher

कि त अध्ययन तथा निरीक्षणबाट आर्जित ज्ञानलाई प्रस्तुत गरिदिन्छ (श्रेष्ठ र शर्मा, २०५६, पृ.११५) । यसमा लेखकले आफ्ना विचारलाई आत्मपरक वा वस्तुपरक शैली शिल्पमा प्रस्तुत गर्न सक्छ ।

सङ्कथन कुनै निश्चित विषयमा आधारित पूर्ण अभिव्यक्ति हो । सङ्कथनमा विचार, धारणा र भावनाहरूको अभिव्यक्ति हुन्छ, जुन अर्थपूर्ण रूपमा प्रकट हुन्छ । सङ्कथन शब्ददेखि लिएर वाक्य, वहुवाक्यात्मक संरचना, अनुच्छेद, पाठ तथा प्रबन्धसम्म विस्तारित हुन्छ । सुरुवातमा सङ्कथन विश्लेषण संवाद विश्लेषणका रूपमा चिनिए पनि अहिले पाठ तथा आख्यान (न्यारेटिभ) विश्लेषणका रूपमा प्रयोगमा आइरहेको छ (अधिकारी, २०६७, पृ.२४८-२४९) । प्रस्तुत लेख पाठ विश्लेषणमा आधारित रहेको छ । साङ्कथनिक दृष्टिले निबन्धलाई सम्बद्धन र सम्बद्धक दुवै आधारमा अध्ययन गर्न सकिन्छ । निबन्धमा विचारको सन्दर्भपूर्ण अन्विति मिलाउन सम्बद्धनको र विषयवस्तुगत विचारको सघनता एवम् सरलतामा सन्तुलन मिलाउन सम्बद्धकको सन्दर्भपूर्ण प्रयोग उपयोगी मानिन्छ । यस लेखमा साङ्कथनिक दृष्टिले महत्त्वपूर्ण मानिएको सम्बद्धकको मात्र अनुप्रयोग गरिएको छ ।

प्रस्तुत जय भुँडी निबन्धका रचनाकार भैरव अर्याल हुन् । यो निबन्ध उनको जय भुँडी निबन्ध सङ्ग्रहमा सङ्गृहीत छ । भैरव अर्याल (वि.सं १९९३- २०३३) नेपाली हास्यव्यङ्ग्यका विशेष प्रतिभा हुन् । यसबाहेक कविता र समालोचनामा पनि उनको योगदान रहेको छ । हालखबर पत्रिका (२०१३/१४ सालतिर) मा प्रकाशित खोलापारिको पुरेत बाजे उनको पहिलो निबन्ध रहेको छ भने काउकुती २०१९), जय भुँडी (२०२२), गलबन्दी (२०२६), प्रवेशिका निबन्ध (२०२७), इतिश्री (२०२८), दश औतार (२०३३) र भैरव अर्यालका हास्यव्यङ्ग्य (२०६०) उनका निबन्ध सङ्ग्रह हुन् (ढकाल, २०७८, पृ. ५९) । अर्यालका निबन्धमा सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक आदि क्षेत्रमा विद्यमान विसङ्गतिको व्यङ्ग्य पाइन्छ । उनी आफू बाँचेको परिवेशको वास्तविक यर्थार्थलाई उद्‌घाटन गर्ने क्रममा विश्वमा व्याप्त विसङ्गति र विकृतिलाई चित्रण गर्न सक्षम देखिन्छन् । विशेष गरी मानवीय मूल्यमा आएको ह्रासोन्मुख स्थिति, आपसी खिचातानी, पाएको धोका, भनाइ र गराइबिच देखिने भिन्नता, सिद्धान्त विपरीतका आचरण आदि पक्षमा उनको कलम सशक्त देखापर्छ । प्रस्तुत जय भुँडी निबन्धमा मानव जीवनमा हात मुख जोर्ने एउटा स्वाभाविक प्रक्रिया भएको र यसका नाममा समाजमा देखिएको विकृत अवस्थाको कलात्मक चित्रण पाइन्छ । यसमा मान्छेले गर्ने विविध कार्यमध्ये हातमुख जोर्ने कार्य मुख्य भएको सन्दर्भलाई उठान गर्दै यसका निम्ति मान्छे जेजस्तो कार्य गर्न पनि उद्धत रहने कुरालाई मर्मस्पर्शी रूपमा प्रस्तुत गरिएको छ । आत्मोपकारका निम्ति गरिने भुँडीपूजामा इमान्दारितापूर्वक लाग्नुपर्ने मूल उद्देश्य राखिएको यो निबन्ध सामाजिक क्षेत्रमा प्रयोग हुने शब्द, पदावली र चोटिला तथा तर्कयुक्त वाक्यविन्यासका कारण सशक्त बनेको देखिन्छ । अध्ययनलाई सैद्धान्तिक एवम् प्रायोगिक दृष्टिले गहन तथा प्राज्ञिक बनाउन ह्यालिडे र हसन (१९७६) को सम्बद्धकका सैद्धान्तिक आधारलाई उपयोग गरी त्यसका आधारमा यस निबन्धको साङ्कथनिक स्थिति निरुपण गरिएको छ । विचार र शिल्पका दृष्टिले उपयोगी मानिने निबन्ध विधाका सन्दर्भमा व्यवस्थित अध्ययन त्यति भएको पाइँदैन । यही ज्ञानको रिक्ततालाई पहिचान गरी जय भुँडी निबन्धको अध्ययनलाई अघि बढाइएको हो ।

समस्या कथन एवम् उद्देश्य

सङ्कथनलाई सबैभन्दा ठुलो भाषिक एकाइका रूपमा लिइन्छ । सङ्कथनका विविध स्वरूपमध्ये निबन्ध पनि एउटा सङ्कथनका रूपमा रहेको हुन्छ । विधागत कृतिका सन्दर्भमा केही अध्ययनहरू हुँदै आए तापनि साङ्कथनिक मान्यताका दृष्टिले निबन्ध विधाका सन्दर्भमा त्यति अध्ययन भएको देखिँदैन । सङ्कथन विश्लेषणका दृष्टिले निबन्धलाई सम्बद्धक तथा सम्बद्धन विभिन्न आधारबाट अध्ययन गर्न सकिन्छ । कुनै सङ्कथनमा सम्बद्धक प्रयोगको स्थिति पहिल्याउनु शोधको एउटा गहन पक्ष हो । यस आधारमा प्रस्तुत शीर्षकसम्बद्ध मूल समस्यासँग जोडिएको जय भुँडी निबन्धमा सम्बद्धक के कसरी प्रयोग भएको छ, खोजी गर्नु यस लेखको मूल समस्या हो भने प्रस्तुत निबन्धमा सम्बद्धक प्रयोग अवस्था विश्लेषण गर्नु यस लेखको प्रमुख उद्देश्य हो ।

अध्ययन विधि

प्रस्तुत अध्ययनमा सोद्देश्यपरक नमुना छनोटका आधारमा जय भुँडी निबन्धलाई सङ्कथनात्मक पाठका रूपमा छनोट गरिएको छ । प्रस्तुत अध्ययनले गुणात्मक अनुसन्धानको घटना अध्ययन (फेनोमेनोलोजी) ढाँचाले निर्दिष्ट गरेको भौतिक विज्ञानले पदार्थ र नियमहरूको व्याख्या गरेजस्तो शैक्षिक र सामाजिक यथार्थलाई व्याख्या गर्न सकिँदैन भन्ने मान्यतामा पनि उत्तिकै विश्वास राख्छ (अरी र अन्य, सन् २००२, पृ.२२) । तसर्थः यसमा निबन्ध अध्ययनको यथार्थ एकल सत्यमा नभई बहुल सत्यमा आधारित छ । प्रस्तुत अध्ययनमा सोद्देश्यमूलक तथ्यहरूको अध्ययनका क्रममा अंशतः परिमाणात्मक तथ्याङ्कहरूको प्रयोग गरिए पनि व्याख्याका लागि मूलतः गुणात्मक पद्धतिलाई नै अवलम्बन गरिएको छ ।

यसमा विशेष गरी भाषावैज्ञानिक ह्यालिडे र हसन (सन् १९७६) ले व्याकरणिक सम्बद्धकका आधारभूत प्रकारका आधारमा निर्दिष्ट निबन्धको अध्ययन गरिएको छ । यसक्रममा सन्दर्भनअन्तर्गत व्यक्तिवाचक, दर्शकवाचक र तुलनात्मक सन्दर्भन; प्रतिस्थापनअन्तर्गत नामिक, क्रियात्मक र उपवाक्यात्मक प्रतिस्थापन; विलोपनअन्तर्गत नामिक, क्रियात्मक र उपवाक्यात्मक विलोपन एवम् संयोजनअन्तर्गत योगात्मक, विपरीतार्थी र कारणात्मक संयोजन प्रयोगको स्थितिका साथै कोशीयको पुनरुक्तिअन्तर्गत पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी र समावेशी समावेश्य तथा सन्निधानलाई तथ्य सङ्कलनको मुख्य आधारका रूपमा उपयोग गरिएको छ । तथ्यहरूको व्याख्या विश्लेषण गरी निष्कर्षमा नपुग्दासम्म अनुसन्धाता तटस्थ रही तथ्य विश्लेषणमा यथासक्य वस्तुपरकतालाई केन्द्रमा राखिएको छ । सङ्कलित तथ्यहरूलाई पुस्तकालयीय कार्यका माध्यमबाट वर्गीकरण, तालिकीकरण र तिनको प्रस्तुतीकरण गरी वर्णनात्मक पद्धतिबाट विश्लेषण गरिएको छ ।

सैद्धान्तिक ढाँचा

सङ्कथनलाई जनाउन अङ्ग्रेजी भाषामा 'डिस्कोर्स' शब्दको प्रयोग गरिएको पाइन्छ । यो निश्चित विषयमा आधारित भाषाको पूर्ण अभिव्यक्ति हो । कथ्य सङ्कथनमा प्राय : वक्ता र श्रोताको अन्तरपरिवर्त्य सम्बन्धको भूमिका हुन्छ (अधिकारी, २०६७, पृ.२४२) । लेख्य सङ्कथनमा भने लेखक र पाठकको उपस्थिति आमनेसामनेमा हुँदैन । अनुच्छेद, पाठ, परिच्छेद, आदि लेख्य सङ्कथनका उदाहरणहरू हुन् ।

पाठ तथा सङ्कथन विश्लेषणका सम्बद्धक र सम्बद्धन गरी दुई मुख्य युक्तिहरू रहेका छन् । सम्बद्धक वाक्यभन्दा माथिल्लो तहमा अन्तरवाक्यीय सम्बद्धताका लागि आवश्यक पर्ने महत्त्वपूर्ण युक्ति हो । मार्टिन (सन् २००१) का अनुसार "सम्बद्धक भन्नाले भाषिक संरचना अध्ययनको एउटा भाग हो, जसले विचार सङ्गठनको परस्पर सम्बद्धतालाई जनाउँदछ" (पृ.५७) । पाठमा प्रयुक्त वाक्य र तिनको सिलसिला तथा सम्बन्धलाई सम्प्रेषणीय, स्पष्ट र खँदिलो तुल्याउन सम्बद्धक महत्त्वपूर्ण उपकरण मानिन्छन् । ह्यालिडे र हसन (सन् १९७६) का अनुसार वाक्य निर्माणको उपयुक्त ढाँचा र गुणस्तरीयताका लागि सम्बद्धकको आवश्यकता पर्दछ । तिनको उपयुक्त प्रयोगले भाषा शिक्षणका कक्षाकोठामा लेखकलाई परिचित गराउँछन् (पृ. २) । यसरी सम्बद्धक ती भाषिक एकाइ हुन्, जसले वक्ता वा लेखकलाई साङ्कथनिक सम्बन्ध स्थापित गर्न सक्षम तुल्याउँछन् । यसप्रकार सम्बद्धकले भाषिक अभिव्यक्ति वा विचारलाई परस्परमा सम्बन्धित तुल्याउने सेतुको कार्य गर्दछन् । वस्तुत : सम्बद्धकले निबन्धभित्र विभिन्न भाषिक संरचना वा एकाइहरूलाई निश्चित सम्बन्ध सूत्रमा आबद्ध गर्न मद्दत पुऱ्याउँदछन् ।

सम्बद्धकका व्याकरणिक र कोशीय गरी दुई प्रकार रहेका छन् । व्याकरणमा आधारित सम्बद्धकलाई व्याकरणिक सम्बद्धक भनिन्छ । ह्यालिडे र हसन (सन् १९७६) ले व्याकरणिक सम्बद्धकका आधारभूत प्रकार उल्लेख गर्दै यसअन्तर्गत उनीहरूले सन्दर्भन, प्रतिस्थापन, विलोपन र संयोजनको व्याख्या गरेका छन् । सङ्कथनमा सन्दर्भनलाई व्याकरणमा नभेटिने तर अर्थतात्विक एकाइमा भेटिने युक्तिका रूपमा लिन सकिन्छ । सम्बद्धकका व्यक्तिवाचक, दर्शकवाचक र तुलनात्मक गरी तीन प्रकार छन् । कुनै खास वस्तुको स्थान, स्थिति र नामिक समूहको तत्त्वका रूपमा दर्शकवाचक र तुलनात्मकले दुई वा दुईभन्दा बढी वस्तु, व्यक्ति वा विषयका गुण एवम् विशेषताहरूलाई तुलना गर्ने कार्यमा भूमिका निर्वाह गर्दछन् ।

सङ्कथनमा पूर्व पदावलीका सट्टा अर्कै पदावली प्रतिस्थापन गरेर संरचना निर्माण गरिने सम्बद्धता प्रतिस्थापन हो । विलोपन वक्ता वा लेखकले सङ्कथनमा नभनेको वा नलेखेको तत्त्व हो । ह्यालिडे र हसन (१९७६) का अनुसार केही कुरा नभनिए पनि पाठकले सन्दर्भका कारण अर्थ बुझ्ेको हुन्छ (पृ. १४२) । सङ्कथनमा कतिपय शब्द, पदावली आदि लोप भएर पनि अर्थ बुझ्िने अवस्था रहन्छ । विलोपनका क्रममा पद, पदावली वा उपवाक्यगत एकाइको लोप हुन्छ । यसले एउटा भाषिक घटकसँग अर्को घटकको सापेक्ष सम्बन्ध स्थापित गराउन मद्दत गर्ने भएकाले यी निबन्ध पाठ विश्लेषणका लागि उपयोगी आधार मानिन्छन् ।

कोशीय सम्बद्धनका पुनरुक्ति र सन्निधान गरी दुई प्रकार छन् । सङ्कथनमा कोशीय एकाइलाई जस्ताको तस्तै आवृत्ति गरेर, अर्को त्यस्तै शब्द प्रयोग गरेर वा निकट शब्द प्रयोग गरेर तथा समावेशी समावेश्य शब्द प्रयोग गरेर पुनरुक्ति प्रयोग गर्न सकिन्छ । ह्यालिडे र हसन (सन् १९७६/१९९२) ले पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, समावेशी समावेश्य र अङ्गी अङ्ग गरी पाँच प्रकारका पुनरुक्तिको चर्चा गरेको देखिन्छ (पृ.८०) । भाषिक संरचनालाई कसिलो पार्न उपस्थित हुने आवृत्तिमूलक भाषिक एकाइ पुनरावृत्ति हो । ह्यालिडे (सन् १९८६) का अनुसार कोशीय सम्बद्धकको प्रत्यक्ष रूप कोशीय एकाइको पुनरावृत्ति हो (पृ.३१०) । सङ्कथनमा पूर्वप्रस्तुत तात्पर्यलाई त्यही अर्थ जनाउनका लागि पर्यायवाची शब्द प्रयोग हुन्छन् । सङ्कथनमा प्रयोग हुने कोशीय एकाइबिच हुने उल्टो अर्थ सम्बन्धलाई

विपरीतार्थी भनिन्छ । ह्यालिडे र हसन (सन् १९७६/१९९२) का अनुसार विपरीतार्थीले अनुभूतिजन्य वा आनुभाविक अर्थको विपरीतता व्याख्या गर्दछ (पृ.८०) । विपरीतार्थी प्रयोगबाट पनि पारस्पारिक अर्थ सम्बन्ध निर्माण हुने गर्दछ । त्यस्तै, समावेशी समावेश्य शब्दले अन्य शब्दको अर्थलाई आफूभित्र समेट्न सक्छ भने त्यसलाई समावेशी भनिन्छ । उनीहरूका अनुसार समावेशी सम्बन्ध साधारण वर्ग र त्यसको उपवर्गका बिचको जोडक सम्बन्ध हो (पृ.८०) । अङ्गीले सङ्कथनमा कुनै व्यक्ति, वस्तु, प्राणी वा पदार्थलाई र अङ्गले तिनका अंशलाई बोध गराउँदछ । उनीहरूले अङ्गी अङ्ग पूर्ण अंश सम्बन्ध जनाउन प्रयोग हुने दर्साउँदै रुखका सन्दर्भमा रुख अङ्गी र हाँगा, जरा आदि अङ्गका रूपमा रहने उल्लेख गरेका छन् (पृ.३१२) । त्यसैगरी सङ्कथनमा सन्निधानले एकैपटक वा साथसाथै प्रयोगमा आउने एकाइको सानिध्यतालाई बुझाउँछ । म्याक्अर्थी (सन् २०१०) सन्निधानले कोशीय सम्बद्धकको आशय ठिकसँग प्रस्तुत गर्दछ र यसमा सम्बन्धित कोशीय एकाइ एकैपटक घटित हुन्छ भन्न रुचाउँछन् । उदाहरणका लागि चिसो बरफ, पारिलो घाम, अग्लो केटो आदि । यसदृष्टिले सन्निधान सङ्कथन वा पाठमा परस्पर सम्बन्धित भई प्रयोग भएको कोशीय एकाइ हो । प्रस्तुत अध्ययन यही सैद्धान्तिक पृष्ठाधारमा आधारित गरिएको छ ।

जय भुँडी निबन्धमा प्रयुक्त व्याकरणिक सम्बद्धक

व्याकरणमा आधारित सम्बद्धकलाई व्याकरणिक सम्बद्धक भनिन्छ । ह्यालिडे र हसन (सन् १९७६) ले व्याकरणिक सम्बद्धकका आधारभूत प्रकार उल्लेख गर्दै यसअन्तर्गत उनीहरूले सन्दर्भन, प्रतिस्थापन, विलोपन र संयोजनको व्याख्या गरेका छन् । प्रस्तुत जय भुँडी निबन्धलाई व्याकरणिक सम्बद्धकका निम्न आधारबाट यसप्रकार अध्ययन गरिएको छ :

सन्दर्भन

सङ्कथन वा पाठमा कुनै विषय, अवस्था, घटना, स्थान वा सहभागीलाई जनाउन सन्दर्भन सम्बद्धकको भूमिका महत्त्वपूर्ण हुन्छ । प्रस्तुत जय भुँडी निबन्धमा प्रयुक्त सन्दर्भनका तीन भेदको अध्ययन विश्लेषण यसप्रकार गरिएको छ :

व्यक्तिवाचक सन्दर्भन

सङ्कथनमा व्यक्ति, वस्तु, विषय वा स्थान जनाउन प्रयोग हुने सन्दर्भनलाई व्यक्तिवाचक सन्दर्भन भनिन्छ । ह्यालिडे र हसन (सन् १९९२) का अनुसार व्यक्तिवाचक सन्दर्भनले अभिव्यक्ति भूमिकाका आधारमा सम्बोधक (एकल : म, बहु : हामी) र सम्बोधित (तिमी) तथा अन्य भूमिकाका आधारमा विशिष्ट (एकवचनात्मक, बहुवचनात्मक, मानवीय, मानवेतर : ऊ, उनीहरू, यो, त्यो) र सामान्यकृत मानवलाई सङ्केत गर्दछ (पृ.४२) । यसरी व्यक्तिवाचक सन्दर्भनका रूपमा प्रथम, द्वितीय र तृतीय पुरुषवाची सर्वनाम शब्दहरू प्रयोग गरिएको हुन्छ । जय भुँडी निबन्धमा तैँले, मलाई, आफ्नी, मैले, म, उनलाई, मलाई, म, ऊ, मलाई, उनको, उसित, हाम्रा, आफ्ना, आफ्नै, मे (म), उसको, उनलाई, मैले, मेरो गरी जम्मा २० वटा व्यक्तिवाचक सन्दर्भन प्रयोग भएको देखिन्छ (अर्याल, २०६३, ४९-५५) । निबन्धमा प्रयुक्त व्यक्तिवाचक सन्दर्भनहरू प्रथम, द्वितीय र तृतीय पुरुषवाचक रहेका छन् ।

यिनले पूर्वप्रस्तुत प्रसङ्गलाई सन्दर्भित गरेर सम्बद्धक सिर्जना गरी निबन्धलाई सशक्त बनाउन मद्दत गरेका छन् ।

दर्शकवाचक सन्दर्भन

सङ्कथनमा प्रस्तुत विषय, व्यक्ति वा वस्तुको स्थान जनाउनका लागि दर्शकवाचक सन्दर्भनको भूमिका महत्त्वपूर्ण हुन्छ । क्रेन (सन् २०००) का अनुसार दर्शकवाचक सन्दर्भनले स्थानका आधारमा सानिध्य सन्दर्भको प्रयोगद्वारा सूचनात्मक मार्गको अवस्था बोध गराउँछ । जस्तै : यो, त्यो, ती, यहाँ, त्यहाँ आदि । त्यस्तै, ह्यालिडे र हसन (सन् १९९२) का अनुसार दर्शकवाचक सन्दर्भनलाई छनोटका आधारमा निकट-दूर, एकवचनात्मक (यो, त्यो), बहुवचनात्मक (यी, ती) स्थानिक (यहाँ, त्यहाँ) र कालिक (अहिले, पछि) स्वरूपमा चित्रण गर्न सकिन्छ (पृ. ५७) । यसरी यिनले कुनै खास वस्तुको स्थान तथा स्थिति र नामिक समूहको तत्त्वका रूपमा कार्य गर्दछन् । त्यसैगरी सङ्कथनमा तुलनात्मक सन्दर्भनले दुई वा दुईभन्दा बढी वस्तु, व्यक्ति वा विषयका गुण एवम् विशेषताहरूलाई तुलना गर्ने कार्य गर्दछन् । प्रस्तुत आधारमा जय भुँडी निबन्धमा त्यो (ऊ), त्यो (भुँडीपूजाको झञ्झट), यही (भुँडीपूजा गर्न सकिएन भने कि त रानीपोखरी ताक्नुपर्छ कि त डाँडो काट्नुपर्छ), यहाँ (पृथ्वीमा), यी (भुँडीका कथाहरू), यसैगरी भुँडी पूजाका लागि मान्छेले सुरुदेखि आजसम्म गर्दै आएका काम), यही (९५ प्रतिशत नैवेद्य जोरजाम गर्ने भुँडीहरूले युगौँयुगदेखि भरिएको भुँडीलाई मादल र दमाहजसरी बजाउन सक्ने), यो (भुँडीपुराण) गरी ८ वटा दर्शकवाचक सन्दर्भनहरू प्रयोग गरिएको देखिन्छ । यी सन्दर्भनहरूले सन्दर्भअनुसार विभिन्न वस्तु, समय र विषयलाई सन्दर्भित गरेका छन् (पृ.४९-५५) । यी सन्दर्भनहरूले पनि पूर्ववर्ती विषय सन्दर्भलाई पश्चवर्ती विषय सन्दर्भसँग सन्दर्भित गर्ने भूमिकामा मद्दत गरेका छन् ।

तुलनात्मक सन्दर्भन

सङ्कथनमा प्रस्तुत विषय, व्यक्ति, वस्तु र समयको तुलना दर्साउने सन्दर्भनलाई तुलनात्मक सन्दर्भन भनिन्छ । ह्यालिडे र हसन (सन् १९९२) का अनुसार तुलनात्मक सन्दर्भन समानताका आधारमा दर्साइने अप्रत्यक्ष स्थान एवम् सन्दर्भ हो । यस्ता भाषिक एकाइले सङ्कथनमा सम्बद्धकको कार्य गर्दछन् । जय भुँडी निबन्धमा प्रयुक्त तुलनात्मक सन्दर्भनको विश्लेषण यसप्रकार गरिएको छ :

प्रस्तुत निबन्धमा जम्मा ८ वटा तुलनात्मक सन्दर्भनको प्रयोग भएको देखिन्छ । जसमा एकदेशीय, देवपूजा, स्वादिलो, सङ्लो, सुकर्म, सुधर्म, अघाएको र अठार पुराणजस्ता सन्दर्भित एकाइका तुलनामा क्रमशः सर्वदेशीय, भुँडीपूजा, खल्लो, धमिलो, कुकर्म, कुधर्म, ठन्डाराम भुँडी र भुँडीपुराण प्रयोग गरिएको देखिन्छ (पृ.४९-५५) । प्रस्तुत तुलनात्मक सन्दर्भनहरूले विषय, वस्तु र तिनको गुण एवम् प्रवत्तिलाई तुलना गरेर पूर्ववर्ती विषय सन्दर्भसँग पश्चवर्ती विषय सन्दर्भलाई सन्दर्भित तुल्याउने कार्य गरेका छन् ।

तालिका १

जय भुँडी निबन्धमा प्रयुक्त सन्दर्भनको समग्र स्थिति

सन्दर्भन	प्रयुक्त सङ्ख्या	प्रतिशत
व्यक्तिवाचक	२०	५५.५५
दर्शकवाचक	८	२२.२२
तुलनात्मक	८	२२.२२
जम्मा	३६	

प्रस्तुत तालिकाअनुसार जय भुँडी निबन्धमा प्रयुक्त सन्दर्भनमध्ये व्यक्तिवाचक अत्यधिक तथा दर्शकवाचक र तुलनात्मक सन्दर्भनको प्रयोग न्यून रूपमा भएको देखिन्छ । निबन्धमा व्यक्तिवाचक सन्दर्भनले सम्बद्ध विषय, व्यक्ति र वस्तुसँग; दर्शकवाचक सन्दर्भनले पूर्ववर्ती विषय एवम् सन्दर्भसँग र तुलनात्मक सन्दर्भनले सम्बद्ध विषय, वस्तु एवम् तिनको प्रवृत्तिसँग तुलना गरेर अर्थलाई सन्दर्भित गर्ने कार्य गरेकाले सम्बद्धक निर्माणमा सन्दर्भनको उल्लेख्य भूमिका देखिन्छ ।

प्रतिस्थापन

प्रतिस्थापन सङ्कथन वा पाठमा प्रयोग भएका भाषिक एकाइलाई जनाउन तिनका सट्टा प्रयोगमा आउने एकाइद्वारा सिर्जित हुन्छ । ह्यालिडे र हसन (सन् १९९२) का अनुसार कुनै एउटा भाषिक एकाइलाई अर्को भाषिक एकाइद्वारा स्थानापन्न गर्नुलाई प्रतिस्थापन भनिन्छ (पृ.८८) । यसमा पूर्व भाषिक एकाइको आवृत्ति गरिँदैन । प्रतिस्थापनका नामिक, क्रियात्मक र उपवाक्यात्मक गरी तीन प्रकारका प्रतिस्थापनले निबन्धको सम्बद्धक व्यवस्थालाई ससक्त बनाउन खेलेको भूमिकालाई यसप्रकार विश्लेषण गरिएको छ :

नामिक प्रतिस्थापन

सङ्कथन वा पाठमा नामिक पद पदावलीका सट्टा उपस्थित भई कार्य गर्ने क्रममा सिर्जित प्रतिस्थापन नामिक प्रतिस्थापन हुन् । प्रस्तुत निबन्धमा नैवेद्य (प्रसाद), केटाकेटीहरू (बालबालिकाहरू), पुर्खा (पूर्वज), कर्म (काम) प्रतिस्थापनका रुपमा प्रयोग भएका छन् (पृ.४९-५५) । यीमध्ये नैवेद्य ६ पटक आवृत्त भएको छ । यी सबै प्रतिस्थापनले पूर्ववर्ती नामिक पद पदावलीलाई स्थानापन्न गरी तिनका स्थानमा कार्य गर्न सम्बद्धक सिर्जनार्थ महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ ।

क्रियात्मक प्रतिस्थापन

सङ्कथन वा पाठको वाक्यमा प्रयुक्त क्रियापदका सट्टा अर्को क्रियापद प्रयोग भई सिर्जना हुने प्रतिस्थापनलाई क्रियात्मक प्रतिस्थापन भनिन्छ। जय भुँडी निबन्धमा ती प्रतिस्थापनद्वारा प्रतिस्थापित एकाइलाई यसप्रकार उल्लेख गरिएको छ :

प्रस्तुत निबन्धमा जम्मा ४ वटा क्रियात्मक प्रतिस्थापन प्रयोग भएको देखिन्छ । जसमा छैनले भुँडी देवीलाई जरुरत पर्दैन भन्ने कुरालाई, कुरेले हाम्रा कैयन् पुर्खाले परचक्रीको दैलो ढुके भन्ने अभिव्यक्तिलाई, भकुन्डिएले धेरै जसो भुँडीहरू ठन्डाराम भई गलहत्तिए भन्ने विचारलाई र नजोडिएला

त ! ले उन्नाइसौँ महापुराणका रूपमा यस भुँडीपुराण कसरी नथपिएला त ! भन्ने विचारलाई प्रतिस्थापन गरेका छन् (पृ.४९-५६) । यी प्रतिस्थापनले पनि निबन्धको विषय र संरचनालाई सङ्गठित गरी सशक्त तुल्याएका छन् ।

उपवाक्यात्मक प्रतिस्थापन

सङ्कथनमा उपवाक्य अर्थात् वाक्यलाई प्रतिस्थापन गर्न आउने सम्बद्धकलाई उपवाक्यात्मक प्रतिस्थापन भनिन्छ । जय भुँडी निबन्धमा प्रयुक्त उपवाक्यात्मक प्रतिस्थापनका रूपमा जसको, यसैगरी, यही र त्यसैदिन गरी जम्मा ४ वटा प्रयोग भएका छन् । जसमा, क्रमशः भुँडी जीवनकी निर्मात्री र विश्वकी अधिष्ठात्री भएको ; भुँडीपूजाको आवश्यकताका स्वरूप मार्क्सले भुँडी पूजाको समान पद्धति सोचको ; युगौँयुगदेखि टन्किएको भुँडीले मादल र दमाहझैँ बज्नुपर्ने कुरा सिद्ध भएको र भूमिसुधारको महामेला सकिएको दिनजस्तै भएको सन्दर्भमा प्रयुक्त छन् (पृ.४९-५५) । यिनले पूर्वउपवाक्य तथा वाक्यात्मक एकाइलाई सोही रूपमा नै जनाउने कार्यमा भूमिका निर्वाह गरी निबन्धलाई सशक्त तुल्याएका छन् ।

तालिका २

जय भुँडी निबन्धमा प्रयुक्त प्रतिस्थापनको समग्र स्थिति

प्रतिस्थापन	प्रयुक्त सङ्ख्या	प्रतिशत
नामिक	१०	५५.५५
क्रियात्मक	४	२२.२२
उपवाक्यात्मक	४	२२.२२
जम्मा	१८	

प्रस्तुत तालिकाअनुसार जय भुँडी निबन्धमा प्रयुक्त प्रतिस्थापनमध्ये नामिक अत्यधिक, क्रियात्मक र उपवाक्यात्मक न्यून रूपमा प्रयोग भएको देखिन्छ । निबन्धमा नामिक पद वा पदावलीका सट्टा प्रयोग भएर नामिक, वाक्यमा प्रयुक्त क्रियाका सट्टा अर्को क्रियापद प्रयोग भएर क्रियात्मक र उपवाक्यलाई स्थानापन्न गर्न आउने सम्बद्धकका रूपमा उपवाक्यात्मक प्रतिस्थापन प्रयोग भएर निबन्धको आर्थी सम्बन्धलाई सम्बद्धकयुक्त बनाउन प्रतिस्थापनले उल्लेख्य भूमिका निर्वाह गरेको देखिन्छ ।

विलोपन (इलिप्सिस)

सङ्कथन वा पाठमा प्रयोग हुन सक्ने कुनै पद, पदावली र वाक्यांशलाई शून्य रूपमा प्रस्तुत गर्नु विलोपन हो । यसको प्रयोग गर्दा पूर्वसन्दर्भका आधारमा अध्याहार गर्ने गरिन्छ । ह्यालिडे र हसन (१९७६) का अनुसार केही कुरा नभनिए पनि पाठकले सन्दर्भका कारण अर्थ बुझेको हुन्छ (पृ. १४२) । सङ्कथनमा कतिपय शब्द पदावली आदि लोप भएर पनि अर्थ बुझिने अवस्था हुन्छ । विलोपनका

क्रममा विशेषत : पद, पदावली वा उपवाक्यगत एकाइको लोप हुन्छ। जय भुँडी निबन्धमा प्रयोग भएका विलोपनको अध्ययन विश्लेषण यसप्रकार गरिएको छ :

नामिक विलोपन

सङ्कथनमा प्रयुक्त नामिक पद तथा पदावलीको लोप हुनुलाई नामिक विलोपन भनिन्छ। जय भुँडी निबन्धका विभिन्न अनुच्छेदमा नामिक विलोपन प्रयोग भएको देखिन्छ। तैले (भैरव अर्याल), यसै (मर्त्यलोक) र यो (भुँडीपुराण), उनलाई (भुँडीदेवीलाई), यो (भुँडीपुराण), तपाइँको (भैरव अर्यालको), म (भैरव अर्याल), मलाई (भैरव अर्याललाई), उसित (प्राणीसित), दुलाहा (जीवन साथी), यी (भुँडीका कथाहरू), उनीहरूको (घोप्टे र घ्याम्पे भुँडीको), मैले (भैरव अर्यालले) र मेरो (भैरव अर्यालको) गरी जम्मा पन्ध्रवटा नामिक विलोपन प्रयोग भएको देखिन्छ (पृ.४९-५६)। यस्ता विलोपनको प्रयोगले विषय बोधमा सहजता कायम गराई सङ्कथनगत विशिष्टता कायम गर्न महत्त्वपूर्ण भूमिका निर्वाह भएको देखिन्छ।

क्रियात्मक विलोपन

सङ्कथन वा पाठमा उपवाक्य वा वाक्यांशको लोप हुनुलाई उपवाक्यात्मक विलोपन भनिन्छ। जय भुँडी निबन्धमा न्यून रूपमा क्रियात्मक विलोपन प्रयोग भएको देखिन्छ। यस निबन्धमा प्रयुक्त क्रियात्मक विलोपनका रूपमा जल मात्र कति थरि चाहिन्छन् कति थरि चिसो, तातो...अमिलो, धमिलो इत्यादि ; कुम्भकर्ण सुतेभैँ; उन्नाइसौँ महापुराणका रूपमा मेरो भुँडीपुराण कसो नजोडिएला त ? जय भुँडी गरी ३ वटा क्रियात्मक विलोपनहरू प्रयोग भएका छन्। क्रियात्मक विलोपनको प्रयोगले निबन्धका वाक्यात्मक संरचना विशिष्ट बन्न पुगेका छन्। यसबाट निबन्धको सम्बद्धक सिर्जनामा महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ।

उपवाक्यात्मक विलोपन

सङ्कथन वा पाठमा उपवाक्य वा वाक्यांशको लोप हुनुलाई उपवाक्यात्मक विलोपन भनिन्छ। विलोपन पूर्वसन्दर्भ एवम् प्रसङ्गबाट मात्र यसको पहिचान सम्भव मानिन्छ। जय भुँडी निबन्धमा त्यसैले भुँडीपूजा आजको आवश्यकता हो भन्ने एउटा मात्र उपवाक्यात्मक विलोपन प्रयोग भएको छ (पृ.५५)। यसलाई पनि प्रदत्त अनुच्छेदमा प्रस्तुत पूर्वसन्दर्भ, प्रसङ्ग, घटना र विषयवस्तुका आधारमा अध्याहार गर्न सकिन्छ। उक्त अनुच्छेदमा प्रयुक्त उपवाक्यात्मक विलोपनका कारण निबन्धको सम्बद्धक सिर्जनामा महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ।

तालिका ३

जय भुँडी निबन्धमा प्रयुक्त विलोपनको समग्र स्थिति

विलोपन सम्बद्धक	प्रयुक्त सङ्ख्या	प्रतिशत
नामिक विलोपन	१५	७८.९४
क्रियात्मक विलोपन	३	१५.७८
उपवाक्यात्मक विलोपन	१	५.२६
जम्मा	१९	

माथिको तालिकाअनुसार जय भुँडी निबन्धमा प्रयुक्त नामिक, क्रियात्मक र उपवाक्यात्मक विलोपनमध्ये नामिक अत्यधिक, उपवाक्यात्मक न्यून र क्रियात्मक विलोपन न्यूनभन्दा केही उच्च रूपमा प्रयोग भएको देखिन्छ ।

संयोजन (कन्जक्सन)

सङ्कथन वा पाठमा प्रयोग भएका उपवाक्य वा वाक्यलाई आपसमा संयोजन गर्न संयोजक सम्बद्धक प्रयोग गर्ने गरिन्छ । क्लार्क (१९९६) का अनुसार कुनै पनि दुई वटा एकाइलाई जोड्न आउने भाषिक एकाइ संयोजन हो (पृ. ६०) । यसमा विरुद्धार्थक, अधियोजी, कारणबोधक र कालिक संयोजनले भाषिक एकाइलाई जोड्ने कार्य गर्दछन् । तर, र, अनि, पनि जस्ता संयोजकका रूपमा भाषिक संरचनामा उपस्थित भएर कार्य गर्ने एकाइ संयोजनयुक्त सम्बद्धक हुन् । जय भुँडी निबन्धमा प्रयुक्त संयोजन र तिनले निबन्धमा निर्वाह गरेको भूमिकाको विश्लेषण यसप्रकार रहेको छ :

योगात्मक संयोजन

सङ्कथनमा उपवाक्य तथा वाक्यलाई आपसमा संयोजन गर्न निबन्धमा संयोजक सम्बद्धकको प्रयोग भएको देखिन्छ । जय भुँडी निबन्धमा प्रयुक्त योगात्मक संयोजकका रूपमा पनि, र, कि, वा, अनि, या प्रयुक्त छन् । यीमध्ये पनि १७ पटक, र १५ पटक, कि १७ पटक, वा ७ पटक र अनि ३ पटक पुनरावृत्त छन् (पृ.४९-५६) । प्रस्तुत निबन्धमा प्रयुक्त यी संयोजनहरूले पूर्ववाक्य तथा उपवाक्यमा निहित अर्थ र भावमा थपोट गरी भावबोधमा सशक्त तुल्याउने कार्य गरेका छन् । प्रस्तुत अत्यधिक रूपमा प्रयुक्त योगात्मक संयोजनले निबन्धलाई आर्थी सम्बन्धका दृष्टिले सशक्त बनाउन उल्लेख्य रूपमा मद्दत गरेको देखिन्छ ।

विपरीतार्थी संयोजन

जय भुँडी निबन्धमा प्रयोग भएका कतिपय उपवाक्य वा वाक्यमा निहित तात्पर्यको विपरीत आशयमा व्यक्त विचारलाई परस्परमा संयोजन गर्नका लागि यसप्रकारको संयोजन प्रयोग गरिएको पाइन्छ । प्रस्तुत निबन्धमा व्यास बाजेले अठार पुराण लेखे <u>तर</u> सबभन्दा जरुरी एउटा चाहिँ लेख्न भुसुक्कै बिर्सेछन् (पृ.४९) । बुद्धि जति जडे पनि आखिर सबै चुलिँदै गई ॐ बन्छ भनी ऋषिहरू भन्थे <u>तर</u> मलाई लाग्छ त्यो एउटा अक्षर ओ होइन आँ बन्छ (पृ.५१) । दोस्रो छ - घ्याम्पे भुँडी जो हाँडीघोप्टे

भुँडीभन्दा अलि सानो भए पनि स्वभावमा भने प्रायः उस्तै -उस्तै हुन्छ । (पृ.५४) । मान्छेले आज पृथ्वीको कुनै छेउलाई बाँझो रहन नदिई हलो चलाई नैवेद्य फलायो । तर एकले अर्काको अस्तित्व आवश्यक नठान्दा भुँडी भुँडी भकुराभकुर गर्न थाले (पृ.५५) । मार्क्सले भुँडीपूजाको समान पद्दति सोचे भुँडीवालाहरूले उनलाई उडाए तर आखिर कतिपय देशका ठन्डाराम भुँडीहरूको ध्यान त्यता नगई छोडेन । लाखौँ ठन्डाराम भुँडीहरूको उचित पूजाका लागि नेपालले भुमिसुधारको योजना लागु गर्नु परिरहेछ (पृ.५५) । तैपनि हाँडीघोप्टे र घ्याम्पे भुँडीहरू ङ्यारङ्यार ङरङर गरी भर्सेलीबाट भोग्नुपरेका बिरालाझैँ नाक बजाउँदै छन् । तर नैवेद्यको जोरजामका लागि कसिएका ९५% भुँडीहरूका माझमा निहु खोज्न लागे भने उनीहरूको जुगानुजुगदेखि टन्किएको भुँडीले मादल र दमाहाझैँ बज्नुपर्ने कुरा स्वतः सिद्ध भइसकेको छ (पृ.५५) ।

यसरी जय भुँडी निबन्धमा तर, भए पनि, तैपनि प्रयोग भएको देखिन्छ । जसमा तर पाँच पटक पुनरावृत्त छ । यिनले पूर्वप्रस्तुत वाक्यमा निहित तात्पर्यका विपरीत पश्चवाक्य वा सन्दर्भलाई संयोजन गर्ने कार्यमा भूमिका निर्वाह गरेका छन् । फलस्वरूप निबन्ध अझ सशक्त बन्न पुगेको छ ।

कारणात्मक संयोजन

जय भुँडी निबन्धमा प्रस्तुत गरिएको विषय एवम् सन्दर्भलाई कार्यकारणात्मक रूपमा संयोजन गर्न कारणात्मक संयोजनलाई प्रयोग गरिएको पाइन्छ । प्रस्तुत निबन्धमा कारणात्मक संयोजनार्थ प्रयोग भएका संयोजनहरूमा त्यसैले, त्यसकारण, भने, त्यसैले, नपरेको भए, नभएको भए, भएकाले, त्यसैले प्रयोग भएका छन् (पृ.४९-५५) । यीमध्ये भने पाँच पटक पुनरावृत्त देखिन्छ । यी संयोजनले निबन्धमा प्रस्तुत गरिएको विषय एवम् सन्दर्भलाई कार्यकारणात्मक रूपमा संयोजन गर्न कारणात्मक भूमिका निर्वाह गरेको पाइन्छ ।

तालिका ४

जय भुँडी निबन्धमा प्रयुक्त संयोजनको समग्र स्थिति

संयोजन सम्बद्धक	प्रयुक्त सङ्ख्या	प्रतिशत
योगात्मक	५९	७५.६४
विपरीतार्थी	७	८.९७
कारणात्मक	१२	१५.३८
जम्मा	७८	

प्रस्तुत तालिकाअनुसार जय भुँडी निबन्धमा प्रयुक्त संयोजनहरूमध्ये योगात्मक अत्यधिक, विपरीतार्थी न्यून र कारणात्मक न्यूनभन्दा केही उच्च रूपमा प्रयोग भएको देखिन्छ । प्रस्तुत निबन्धमा योगात्मक संयोजनले उपवाक्य तथा वाक्यलाई एकआपसमा संयोजन गरेर, विपरीतार्थीले विपरीतार्थी आशय प्रकट गरेर तथा कारणात्मकले प्रस्तुत गरिएको विषय एवम् सन्दर्भलाई कार्यकारणात्मक रूपमा संयोजन गरी निबन्धको विचार पक्षलाई सशक्त बनाउन उल्लेख्य भूमिका निर्वाह गरेको देखिन्छ ।

तालिका ५

जय भुँडी निबन्धमा प्रयुक्त व्याकरणिक सम्बद्धकको समग्र स्थिति

व्याकरणिक सम्बद्धक	प्रयुक्त सङ्ख्या	प्रतिशत
सन्दर्भन	३६	२४.४८
प्रतिस्थापन	१८	१२.२४
विलोपन	१९	१२.९२
संयोजन	७४	५०.३४
जम्मा	१४७	

प्रस्तुत तालिकाअनुसार जय भुँडी निबन्धमा प्रयुक्त व्याकरणिक सम्बद्धकहरूमध्ये संयोजन अत्यधिक, प्रतिस्थापन न्यून, विलोपन न्यूनभन्दा केही उच्च र सन्दर्भन उच्चभन्दा केही न्यून प्रयोग भएको देखिन्छ । व्याकरणिक सम्बद्धकको प्रयोग असन्तुलित रहेको देखिए पनि जे जति प्रयोग भएका छन्, तिनले निबन्धका सामाजिक विषयनिबद्ध विचार र त्यसअनुरूपको भाषिक संरचनालाई परस्परमा संयोजन गरी आर्थी सम्बन्ध स्थापनामा मद्दत गरेकाले सम्बद्धक सिर्जनामा तिनको उल्लेख्य भूमिका रहेको देखिन्छ ।

जय भुँडी निबन्धमा कोशीय सम्बद्धक

सङ्कथन वा पाठलाई सशक्त बनाउन व्याकरणिक सम्बद्धकजस्तै कोशीय सम्बद्धकको पनि महत्त्वपूर्ण भूमिका हुन्छ । कोशीय सम्बद्धकले सङ्कथन सिर्जना गर्न वस्तु, गुण, कार्य वा घटना जनाउने शब्दहरूका बिच अर्थको सम्बन्ध स्थापनामा भूमिका निर्वाह गर्दछ । प्रस्तुत जय भुँडी निबन्धमा प्रयुक्त कोशीय सम्बद्धकको विश्लेषण यसप्रकार गरिएको छ :

पुनरुक्ति (रिइटरेसन)

सङ्कथनमा कोशीय एकाइलाई आवृत्ति गरेर, अर्को त्यस्तै शब्द प्रयोग गरेर वा निकट शब्द प्रयोग गरेर तथा समावेशी समावेश्य शब्द प्रयोग गरेर पुनरुक्ति प्रयोग गर्न सकिन्छ । पुनरुक्तिले शब्दविन्यास र त्यसको अर्थगत सम्बन्ध स्पष्ट पार्ने कार्य गर्दछ । जय भुँडी निबन्धमा अङ्गी अङ्गबाहेक विभिन्न पुनरुक्तिको प्रयोग गरिएको छ । प्रस्तुत निबन्धमा प्रयुक्त पुनरुक्तिको विश्लेषण यसप्रकार गरिएको छ :

पुनरावृत्ति

पुनरावृत्तिले एउटै कोशीय एकाइको पटक पटकको अवृत्तिलाई जनाउँछ । यस पद्धतिबाट निबन्धमा प्रस्तुत व्यक्ति, वस्तु वा विषयलाई सोही अर्थमा नै प्रस्तुत गर्न मद्दत पुग्छ । प्रस्तुत निबन्धमा देखिएको पुनरावृत्तिलाई निम्नानुसार विश्लेषण गरिएको छ :

प्रस्तुत निबन्धमा एक वा अनेक पटक गरी २७ वटा शब्दहरूको आवृत्ति भएको देखिन्छ । प्रस्तुत निबन्धको पहिलो अनुच्छेदमा पुराण र बुढी आमा क्रमशः ४ र २ पटक, दोस्रो अनुच्छेदमा पुराण, भुँडी र कि क्रमश : २, ४ र ११ पटक, तेस्रो अनुच्छेदमा भुँडी, भुँडीपूजा, होस् र भुँडीदेवी क्रमशः ३, ३, ७ र २ पटक, चौँथो अनुच्छेदमा भुँडी र भुँडीपूजा क्रमशः ६ र २ पटक, पाँचौँ अनुच्छेदमा भुँडी र भुँडी पूजा क्रमश : ६ र २ पटक, छैटौँ अनुच्छेदमा भुँडी र विशाल क्रमश : ६ र ३ पटक, आठौँ अनुच्छेदमा हाँडीघोप्टे र भुँडी क्रमशः ३ र ४ पटक, नवौँ अनुच्छेदमा भुँडी, हाँडीघोप्टे, घ्याम्पे र टाकन टुकन क्रमश : ६, २, २, र ३ पटक, दसौँ अनुच्छेदमा भुँडी ५ पटक, एघारौँ अनुच्छेदमा भुँडी र भुँडीपूजा क्रमश : ६ र २ पटक, बाह्रौँ अनुच्छेदमा भुँडी ५ र तेह्रौँ अनुच्छेदमा भुँडीपुराण २ पटक पुनरावृत्त देखिन्छन् । प्रस्तुत विभिन्न पुनरावृत्त शब्दहरूलाई हेर्दा सबैभन्दा बढी दोस्रो अनुच्छेदमा कि विकल्पबोधक शब्द ११ पटक आवृत्त भएको छ । शीर्षकीय विषयवस्तुलाई व्यङ्ग्यबोधक दृष्टान्तसहित स्पष्ट पार्ने क्रममा यो अधिक पुनरावृत्त देखिन्छ । यसका साथै अरू पुनरावृत्त शब्दहरू सबैले निबन्धमा पूर्वप्रस्तुत विषय एवम् सन्दर्भलाई संयोजन गर्ने कार्य गरेकाले सम्बद्धक सिर्जनामा महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ ।

पर्यायवाची

भाषिक संरचनालाई कसिलो पार्न उपस्थित हुने आवृत्तिमूलक भाषिक एकाइ पुनरावृत्ति हो । जय भुँडी निबन्धमा व्यक्ति वा विषयलाई भिन्न शब्दका माध्यमबाट सोही अर्थ सम्प्रेषणका लागि केही पर्यायवाची शब्द प्रयोग गरिएको देखिन्छ । प्रस्तुत निबन्धमा प्रयोग भएका पर्यायवाची शब्दहरूमा विशाल = विराट, पेट = भुँडी, पद्धति = विधि गरी जम्मा ३ वटा (विशाल, पेट र पद्धति) पर्यायवाची शब्द र तिनका अर्थसम्बन्ध प्रयोग भएको देखिन्छ । सङ्कथनलाई विस्तार गर्ने क्रममा यी पर्यायवाची शब्दहरूको प्रयोगले निबन्धलाई थप सशक्त बनाउन मद्दत पुगेको छ । पर्यायवाची अर्थसम्बन्धमा रहेका प्रस्तुत शब्दहरू सङ्कथनमा अन्तरवाक्यीय, अन्तरअनुच्छेदीय वा पाठअन्तर्गत उपस्थित रही यिनले पूर्वप्रस्तुत तात्पर्यलाई त्यही अर्थ जनाउनका लागि सम्बद्धन सिर्जनामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ ।

विपरीतार्थी

विपरीतार्थी शब्दले सङ्कथनका एकाइबिच विपरीत अर्थ प्रदान गर्दछ । ह्यालिडे र हसन (सन् १९९१) का अनुसार विपरीतार्थीले अनुभूतिजन्य वा आनुभाविक अर्थको विपरीतता व्याख्या गर्दछ (पृ.८०) । यसप्रकार सङ्कथनमा प्रयोग हुने कोशीय एकाइबिच हुने उल्टो अर्थ सम्बन्धलाई विपरीतार्थी भनिन्छ । प्रस्तुत जय भुँडी निबन्धमा चिसो = तातो, सानो = ठुलो, धर्म = अधर्म, कर्म = कुकर्म, आकाश = पाताल गरी ५ वटा विपरीतार्थी शब्द प्रयोग भएको देखिन्छ । विषयवस्तुको विपरीत तात्पर्य संयोजनमा भूमिका खेली निबन्धलाई थप सशक्त बनाउन कोशीय सम्बद्धकको कार्य गरेकाले निबन्धमा यिनको भूमिका महत्त्वपूर्ण देखिन्छ ।

समावेशी-समावेश्य

समावेशी-समावेश्य शब्दले अन्य शब्दको अर्थलाई आफूभित्र समेट्ने सामर्थ्य राख्छ । जय भुँडी निबन्धमा आफूमा अन्य शब्दहरूलाई समेटिने समावेश्य शब्दहरूको प्रयोग गरी सम्बद्धक सिर्जना गरिएको छ । प्रस्तुत निबन्धमा जल = चिसो, तातो, नुनिलो गुलियो आदि, देवादीदेव = महादेव, पुराण = भुँडी पुराण, महापुराण गरी ३ वटा समावेशी र यीअन्तर्गत समावेश्य शब्दहरू प्रयोग गरिएको देखिन्छ । निबन्धका विचार र त्यसअन्तर्गत समेटिएका विभिन्न शब्दका माध्यमबाट सम्बद्धक सिर्जना भएकाले सङ्कथनमा प्रस्तुत शब्दहरूको महत्त्वपूर्ण भूमिका देखिन्छ ।

तालिका ६

जय भुँडी निबन्धमा प्रयुक्त पुनरुक्तिको समग्र स्थिति

पुनरुक्ति	प्रयुक्त सङ्ख्या	प्रतिशत
पुनरावृत्ति	२७	६९.२३
पर्यायवाची	३	७. ६९
विपरीतार्थी	५	१२.८२
समावेशी समावेश्य	३	७.६९
जम्मा	३९	

प्रस्तुत निबन्धमा कोशीय सम्बद्धकमध्ये पुनरुक्तिअन्तर्गत पुनरावृत्तिको प्रयोग अत्यधिक, समावेशी न्यून तथा पर्यायवाची र विपरीतार्थी न्यूनभन्दा केही उच्च रूपमा प्रयोग भएको देखिन्छ । प्रस्तुत निबन्धमा पुनरुक्तिले प्रस्तुत व्यक्ति, वस्तु वा विषयलाई सोही अर्थमा नै प्रस्तुत गरेर, पर्यायवाचीले भिन्न शब्दका माध्यमबाट सोही अर्थ सम्प्रेषण गरेर, विपरीतार्थीले विपरीत तात्पर्य प्रस्तुत गरेर र समावेशीले अन्य शब्दको अर्थलाई समेट्ने सामर्थ्य राखेर सम्बद्धक सिर्जनामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ ।

सन्निधान

सन्निधान कोशीय एकाइको सहचर्यात्मक सम्बन्ध हो । म्याक्अर्थी (सन् २०१०) का अनुसार सन्निधानले कोशीय सम्बद्धकको आशय ठिकसँग प्रस्तुत गर्दछ । यसमा सम्बन्धित कोही एकाइ एकैपटक घटित हुन्छ (पृ. ६५) । सन्निधानले सङ्कथनलाई एकीकृत र सार्थक बनाउन मद्दत गर्दछन् । त्यसैगरी सन्निधान सङ्कथन वा पाठमा परस्पर सम्बन्धित भई प्रयोग भएको कोशीय एकाइ हो । प्रस्तुत जय भुँडी निबन्धमा सन्निधान शब्दलाई सोही तात्पर्यमा प्रयोग गरिएको देखिन्छ । यस निबन्धमा मल = सोहोर्नु, रुन्चे = स्वर, दमाहा = बज्नु गरी ३ वटा शब्दका सन्निधान शब्द र तिनका अर्थसम्बन्धहरू उपयोग गरिएको देखिन्छ । यी शब्द र तिनका अर्थसम्बन्धका कारण आपसमा सहचार्यात्मक सम्बन्ध कायम भएको छ । प्रस्तुत सहचर्यात्मक शब्दहरूबाट आपसी अर्थको सान्निध्यता कायम भई निबन्धलाई थप सशक्त तुल्याउन सहयोग पुगेको छ ।

तालिका ७

जय भुँडी निबन्धमा कोशीय सम्बद्धकको समग्र स्थिति

कोशीय सम्बद्धक	प्रयुक्त सङ्ख्या	प्रतिशत
पुनरुक्ति	३९	९२.८५
सन्निधान	३	७.१४
जम्मा	४२	

प्रस्तुत जय भुँडी निबन्धमा कोशीय सम्बद्धकमध्ये पुनरुक्तिको प्रयोग अत्यधिक र सन्निधानको प्रयोग न्यून रूपमा रहेको देखिन्छ । पुनरुक्तिका विविध प्ररूपको योगात्मक स्थितिका कारण निबन्धमा पुनरुक्ति अत्यधिक रूपमा र एकल स्थितिका कारण सन्निधान न्यून प्रयोगका रूपमा देखिएको छ ।

नतिजा र विमर्श

जय भुँडी निबन्धमा साङ्कथनिक सम्बद्धकको उपयोग राम्रो भएको देखिन्छ । प्रस्तुत निबन्धमा सङ्कथन सम्बद्धकको स्थिति मुख्यत : ह्यालिडे र हसन (सन् १९७६/१९९१) द्वारा प्रस्तुत दृष्टिकोणसँग निकटस्थ देखिन्छ । सम्बद्धकमा व्याकरणिकअन्तर्गत सन्दर्भन, प्रतिस्थापन, विलोपन र संयोजन सम्बद्धक तथा कोशीयअन्तर्गत पुनरुक्ति र सन्निधानको उपयोग भएको छ । यस निबन्धमा प्रयुक्त व्याकरणिक सम्बद्धकहरूमध्ये संयोजन अत्यधिक, प्रतिस्थापन न्यून, विलोपन न्यूनभन्दा केही उच्च र सन्दर्भन उच्चभन्दा केही न्यून प्रयोग भएको देखिन्छ । समग्रमा व्याकरणिक सम्बद्धक १४७ वटा र कोशीय ४२ वटा प्रयोग भएको पाइन्छ । यसो हुनुमा एकातर्फ आत्मपरक निबन्धकार विषयनिबद्ध विचार, उद्देश्य, प्रस्तुति पद्धति, अनुभूति र तिनलाई सम्प्रेषण गर्ने सन्दर्भको छनोट गर्न स्वतन्त्र रहने तथा अर्कातर्फ व्याकरणिक सम्बद्धक भाषाको व्यवस्थासँग पनि जोडिन आउने हुँदा पनि सम्बद्धक प्रयोगमा असन्तुतिल स्थिति देखिएको छ । ग्राइसका अनुसार यदि चार वटा पेचकस मागियो भने त्यति नै दिनुपर्छ न कि बढी वा घटी (ग्राइस, सन् १९७५, पृ.४७) भन्ने भनाइबाट सम्बद्धकको उपयोग आवश्यकताका आधारमा भएको छ भन्ने हुन्छ । यसो हुनाले नै ती सम्बद्धकहरूले निबन्धमा प्रयोग भएको सामाजिक विषयनिबद्ध विचार र त्यसअनुरूपको भाषिक संरचनालाई परस्परमा संयोजन गरी आर्थी सम्बन्धमा उल्लेख्य भूमिका निर्वाह गरेको पाइएको छ । यो एउटा पाठात्मक अध्ययन पनि हो । पाठ सामाजिक परिघटनाको तत्त्वका रूपमा रहन्छ । यसले मानवीय ज्ञान, विश्वास, धारणा र सामाजिक सम्बन्धमा परिवर्तन ल्याउन सक्छ (फेयरक्लफ, सन् २००३, पृ.८) । त्यसैले जय भुँडी पाठ र यसमा आधारित यस अध्ययनले तत् तत् पक्षमा परिवर्तन ल्याउन सक्ने देखिन्छ ।

घिमिरेले उधृत गरेअनुसार ग्राइसको सहयोगी सिद्धान्तमा सम्बन्ध शीर्षकअन्तर्गत उल्लेख गरिएअनुसार भनिएका भनाइ/विचारहरू सन्दर्भअनुसार सङ्गतिपूर्ण हुनुपर्छ भन्ने मान्यता रहेको छ । त्यसैगरी दुर्बोध्यता एवम् सन्दिग्धता हटाउनुका साथै अभिव्यक्ति सङ्क्षिप्त र व्यवस्थित हुनु पर्दछ भन्ने रहेको छ (घिमिरे, २०६९, पृ. ९८-१०२) । यसअनुसार पनि सम्बद्धक प्रयोगमा असन्तुलित अवस्था देखिँदैमा निबन्ध पठनीय छैन भन्ने हुँदैन । प्रस्तुत निबन्धमा विषयगत क्षेत्र एवम् तिनले आत्मसात् गरेको सन्दर्भअनुसार प्रस्तुत भएका विचारहरू सन्दर्भअनुसार सङ्गतिपूर्ण रहेका, विचार एवम्

दृष्टान्तहरू सङ्क्षिप्त रहेका र अभिव्यक्ति सन्दिग्ध एवम् दुर्बोध्य नभई सरल एवम् सुबोध्य रहेकाले निबन्ध सशक्त रहेको छ ।

निष्कर्ष

प्रस्तुत निबन्धमा सङ्कथन सम्बद्धकको स्थिति मुख्यत : ह्यालिडे र हसनद्वारा प्रस्तुत दृष्टिकोणसँग मिल्दो देखिन्छ । यसो हुँदा हुँदै पनि सन्दर्भन सम्बद्धकका रूपमा प्रथम, द्वितीय र तृतीय पुरुष सर्वनामको प्रयोग हुन्छ भन्ने उनीहरूको सैद्धान्तिक मान्यता रहे तापनि यस निबन्धमा सम्बन्धवाचक विशेषण शब्द (जस्तै : मेरो, हाम्रो, आफ्ना आदि समेत) को प्रयोग भएको देखिन्छ । प्रस्तुत निबन्धमा अङ्ग्रेजीका जसरी किनकि, किनभनेजस्ता कारणात्मक संयोजकहरूका अतिरिक्त त्यसकारण, त्यसैले, नपरेको भए, भएकाले जस्ता क्रियायोगी शब्दहरूको समेत प्रयोग भएको देखिन्छ । निबन्धमा प्रयुक्त विलोपनअन्तर्गत क्रियात्मक विलोपनका रूपमा वाक्यको अन्तमा समापक क्रियापदको विलोपन रहेको देखिन्छ ।

व्याकरणिक सम्बद्धकमा सन्दर्भन, प्रतिस्थापन, विलोपन र संयोजन सम्बद्धक तथा कोशीयअन्तर्गत पुनरुक्ति र सन्निधानको उपयोग भएको छ । यस निबन्धमा प्रयुक्त व्याकरणिक सम्बद्धकहरूमध्ये संयोजन अत्यधिक, प्रतिस्थापन न्यून, विलोपन न्यूनभन्दा केही उच्च र सन्दर्भन उच्चभन्दा केही न्यून प्रयोग भएको छ । समग्रमा व्याकरणिक सम्बद्धक १४७ वटा र कोशीय ४२ वटा प्रयोग भएको स्थितिमा कोशीयको पुनरुक्तिअन्तर्गत रहेको अङ्गी अङ्गको प्रयोग भएको देखिएन । अन्य सम्बद्धकको प्रयोग सामान्य रूपमा भई पुनरुक्तिअन्तर्गत पुनरावृत्ति अत्यधिक प्रयोग भएको पाइन्छ । निबन्ध साहित्यको गद्य विधा भएकाले यसमा साहित्यको अनुभूति आस्वादनमा टेवा पुऱ्याउन भाषाको मानक व्यवस्थामा विचलन गरिएको हुन्छ । यसलाई स्वाभाविक प्रक्रिया मान्न सकिन्छ । अर्कातर्फ अभिव्यक्तिमा कुनै पद वा पदावलीको विलोप र प्रतिस्थापन कम हुँदा पनि विचार बोधमा सहजता प्राप्त गर्न मद्दत पुगेको छ । यसरी दुवै सम्बद्धकको प्रयोग असन्तुलित वा न्यूनाधिक भएर पनि निर्दिष्ट निबन्धमा विचार सङ्गठनको परस्पर सम्बद्धता भने कायम भएको देखिन्छ । त्यसैले सम्बद्धकहरू जे जति प्रयोग भएका छन्, तिनले निबन्धका सामाजिक विषयनिबद्ध विचार, भाव तथा त्यसअनुरूपको भाषिक संरचनालाई परस्परमा संयोजन गरी आर्थी सम्बन्ध स्थापनामा मद्दत गरेकाले सम्बद्धक सिर्जनामा तिनको उल्लेख्य भूमिका रहेको देखिएको छ । यो पक्ष नै प्रस्तुत निबन्धको विधागत विशिष्टताका रूपमा देखिएको छ ।

सन्दर्भ सामग्री सूची

अधिकारी, हेमाङ्गराज (२०६७), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* (पाँचौं संस्क.), रत्न पुस्तक भण्डार ।

अर्याल, भैरव (२०६३), *जय भुँडी,* रत्न पुस्तक भण्डार ।

अरी, डी ज्याकोब्स, एल. सि. एन्ड राजभिच ए. (सन् २००२), *इन्ट्रोडक्सन टु रिसर्च इन एजुकेसन (छैटौं संस्क.),* वेलमाउन्ट सी ए : वाड्सवर्थ/थम्सन लनिङ ।

क्लार्क, हर्वट एच. (सन् १९९६), *रिभ्यु अफ युजिङ् ल्याङ्ग्वेज,* क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

ग्राइस, एच.पि. (सन् १९७५), लजिक एन्ड कन्भर्सेसन, सिन्ट्यक्स एन्ड सिम्यान्टिक्स http://www.sfu.ca/ieffpell बाट प्राप्त ।

घिमिरे, वासुदेव (२०६९), *सङ्कथन विश्लेषण परिचय र पद्धति,* इन्टेलेक्चुअल्ज बुक प्यालेस ।

ढकाल, रजनी (सम्पा.) (२०७८), *आधुनिक नेपाली निबन्ध,* साझा प्रकाशन ।

पौडेल, हिममाया (२०८०), *माध्यमिक तहका नेपाली निबन्धको सङ्कथनात्मक अध्ययन* [अप्रकाशित शोधप्रबन्ध], नेपाल खुला विश्वविद्यालय, सामाजिकशास्त्र तथा शिक्षा सङ्काय ।

पौडेल, हिममाया (२०८१), *भाषाशिक्षण र भाषाविज्ञानका प्रायोगिक सन्दर्भ,* भुँडीपुराण प्रकाशन ।

फेयरक्लफ (सन् २००३), *एनलाइजिङ डिस्कोर्स,* राउटलेज ।

भुसाल, केशव (२०७८), *सङ्कथन विश्लेषण: सिद्धान्त र प्रयोग,* सनलाइट पब्लिकेसन ।

म्याक्अर्थी, माइकेल (सन् १९९१), *डिस्कोर्स एनलाइसिस फर ल्याङ्ग्वेज टिचर,* क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

युजिङ् ह्यालिडे एन्ड हसन मोडेल अफ कोहिजन, *न्युज पेपर,* पृ.१३१-१५६, https://nufs-nuas.repo.nil.ac.JP/index.php बाट प्राप्त ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा (२०५६), *नेपाली साहित्यको सङ्क्षिप्त इतिहास,* साझा प्रकाशन ।

ह्यालिडे, एम.ए.के.एन्ड हसन, रुकैया (सन् १९७६), *कोहेजन इन इङ्लिस,* लङ्म्यान ।